# राष्ट्र ऋण उठाउने ऐन, २०७७

*प्रमाणीकरण मिति*

*२०७७।०३।१५*

## संवत् २०७७ सालको ऐन नं. ७

## <u>राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०७७/०७८ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन संवत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>राष्ट्र ऋण उठाउने अधिकार:</u>** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,२५,००,००,००,०००।- (अक्षरेपी दुई खर्ब पच्चीस अर्ब) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ सम्मको नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी अधिविकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय